CHR&GJ
center for human rights and global justice
nyu school of law

# अधिकारमा पहुँच : नेपालको नयाँ संविधानमा समानता र मानव अधिकारको संरक्षण

## नेपालको संविधानसभाका लागि सीएचआरजीजेको वक्तव्य

## नेपालको संविधानसभाका लागि सीएचआरजीजेको वक्तव्य

### १. परिचय

लामो अन्तरालको गृह युद्धलाई पछि छोडेर, नेपाल मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा एउटा प्रजातान्त्रिक तथा शान्तिपूर्ण देशको रुपमा अग्रसर हुन लागेको छ । प्रजातान्त्रिक संक्रमणको यो वर्तमान अवस्थाको मुख्य देन भनेको देशको लागि नयाँ संविधान नै हो जसलाई जननिर्वाचित प्रतिनिधिद्वारा गठित संविधानसभाले निर्माण गर्नेछ । नयाँ संविधान निर्माणका क्रममा संविधानसभासँग देशमा शान्ति कायम गर्ने, मानव अधिकार तथा उच्चस्तरमा नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक विकास गर्ने अवसर प्राप्त छ । साथै, देशका हरेक नागरिकको जन्मसिद्ध मर्यादाप्रतिको प्रतिवद्धता प्रस्तुत गर्ने अवसर समेत प्राप्त गरेको छ । यी वृहत लक्ष्य हासिल गर्ने क्रममा हरेक नेपाली जनताको मानव अधिकारको संरक्षण र त्यसको पहिचान गर्नु पनि मुख्य दायित्व बनेको छ । विशेष गरि करिव दुई हजार वर्षभन्दा आगाडिदेखि प्रक्रियावद्ध भेदभाव र जातीयताको आधारमा वहिष्कृत नेपालको दलित समुदाय (तथाकथित “अछुत”) हरुको वास्तविक अधिकार – अन्ततः यकिन गर्न जरुरी भइसकेको छ ।

संविधानसभाको विषयगत समितिहरुले प्रस्तुत गरेका अवधारणा पत्रहरुले नेपालको मानव अधिकारप्रतिको प्रतिवद्धता लिपीवद्ध गर्नेतर्फ महत्वपूर्ण प्रगति प्रतिविम्वित गर्दछ, तर यसमा केही अभावहरु देखिन्छन् जसको सम्बोधन हुनु पर्दछ । नयाँ संविधानमा मानव अधिकार संरक्षण थप सबल तुल्याउन न्यूर्योक विश्वविद्यालय कानून विभागस्थित मानव अधिकार तथा विश्व न्याय केन्द्र (सिएचआरजिजे) ले सारांश विवरण र तालिका सम्मिलित यो प्रतिवेदन नेपालको संविधानसभा समक्ष सम्मानपूर्वक प्रस्तुत गर्दछ छ । सिएचआरजिजेले आफ्नो विशेषज्ञता प्रयोग गर्दै यस वक्तव्य र तालिकामा दलित अधिकार संरक्षणमा विशेष जोड दिँदै, नयाँ संविधानको लागि अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालले दायित्वसम्वद्ध प्रस्तावहरु निर्क्योल गर्दछ ।

### २. उद्देश्य र कार्यविधि

#### क. उद्देश्य

संविधानसभा विषयगत समिति अवधारणापत्रको सान्दर्भिक प्रस्तावहरु विश्लेषण गरेर, दलित अधिकार संरक्षण र नेपालको मानव अधिकार दायित्व पूर्ति गर्न प्रस्तावित प्रावधानको प्रभावकारीता कसरी अभिवृद्धि गर्ने भनेर लिखत र तालिकाले स्पष्ट पहिचान गर्दछ ।

यो लिखतले अन्तर्राष्ट्रिय मानव अधिकार कानून अर्न्तगत नेपालको दायित्व संक्षिप्त स्वरुपमा र दलित अधिकारको लागि संविधानसभाको ध्यान आवश्यक पर्ने उल्लेख्य सवालको वृतान्त प्रस्तुत गर्दछ । लिखतले विभिन्न क्षेत्रमा सुनिश्चित वस्तुगत अधिकारमा जोड दिँदै त्यस्ता अधिकारको कार्यान्वयन सुधार सम्बन्धी छलफल गर्दछ । विषयगत समितिहरुले हाल प्रस्ताव गरेको भाषाले सम्बोधन नगरेको मानव अधिकारसम्वद्ध केही महत्वपूर्ण सवाल पहिचान गर्दै यो लिखत अन्त्य हुन्छ ।

यो लिखत प्रस्तुत तालिका सहित अध्ययन गर्नु पर्दछ । तालिकाले विषयगत समितिले प्रस्ताव गरेको निश्चित प्रावधानहरु विश्लेषण गर्दछ । त्यस्ता प्रस्तावहरु अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको सन्दर्भमा संविधानसभा सदस्यहरुलाई मूल्याङ्कनका लागि श्रोत उपलब्ध गराउन, पक्षधर राष्ट्रको हैसियतमा विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धीबाट सूचित भएर तालिकाले विस्तृत सुझावहरु पेश गर्दछ ।

#### ख. कार्यविधि

यो लिखत समयभित्र बुझाउन निश्चित गर्नका लागि हाम्रो विश्लेषण विषयगत समितिले कार्तिक २०, २०६६ मा प्रस्तुत गरेको अवधारणा पत्रको सार्न्दभिक व्यवस्थाको पुनरावलोकनमा आधारित छ । हाम्रो विश्लेषण नेपाल

पक्षधर रहेको अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरुको सुक्ष्म पूनरावलोकनमा आधारित छ । यी सन्धीहरुले सद्भाव, सम्मान, संरक्षणका साथ अन्तरनिहीत अधिकार पूर्तिका लागि अनिवार्य दायित्व सिर्जना गर्दछ । यी मध्ये महत्वपूर्ण भनेको प्रत्यक्ष एवं अप्रत्यक्ष भेदभावबाट मुक्त रहने र औपचारिक एवं निश्चित समानताको अधिकार हो ।

सन्धीमा उल्लेखित दायित्वको अतिरिक्त, संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्द्वारा हालै प्रकाशित काम तथा वंशमा आधारित भेदभावको प्रभावकारी उन्मूलनका लागि संयुक्त राष्ट्र संघीय सिद्धान्त तथा निर्देशन मस्यौदाप्रति समर्थन व्यक्त गरेर नेपालले भर्खरै जातीय भेदभावको अन्त्य गर्ने प्रतिवद्धता पूर्नपुष्टि गरेको छ । बाध्यात्मक नभए पनि, यो दस्तावेज, नेपाल सरकारबाट मान्यता प्राप्त "जातीय भेदभाव सम्बोधन गर्न माध्यम तथा सामाग्री निर्माण गर्ने सही आधार" र "नेपाली समाजबाट यो पिडा निर्मूल" गर्न "लाभदायिक यन्त्र" हो । त्यसकारण, जहाँ सान्दर्भिक हुन्छ, त्यहाँ हाम्रो विश्लेषणले सिद्धान्त तथा निर्देशन दस्तावेजको सन्दर्भ पनि प्रस्तुत गर्दछ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत सबै निर्णय प्रक्रियामा सीमान्तकृत तथा प्रभावित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, संविधानसभाले दलितलगायत नेपालका सीमान्तकृत समुदायसँग परामर्श गरेर सक्रियतासाथ नयाँ संविधानमा सहयोग र सुझाव समावेश गर्नु पर्दछ । दलित समुदाय भित्रका सीमान्तकृत दलित महिला तथा "तल्लो" दलित जातको सरोकार एवं आवश्यकतामा विशेष ध्यान केन्द्रीत गर्नु पर्दछ ।

हाम्रो विश्लेषण आंशिक रुपमा सीएचआरजीजेले यस अघि जारी गरेको : *न्यायको पूनर्व्याख्या : नेपालको नयाँ संविधानमा दलित अधिकारको संरक्षण*" – जो हामीले वैशाख २०६५ मा जारी गर्‍यौं, यसले नेपालको अन्तरिम संविधानमा संरक्षित मानव अधिकारको विश्लेषण गरेको छ – र हाम्रो *नयाँ संविधानमा दलित अधिकार संरक्षित गर्न हाम्रो संयुक्त वक्तव्य* – जो हामीले अन्तर्राष्ट्रिय दलित एक्येवद्धता सञ्जाल (आईडिएसएन) र दलित गैसस महासंघ (डिएनएफ) को संयुक्त पहलमा फागुन २०६५ मा जारी गर्‍यौं । हाम्रो सिफारिस दलित अधिकार समुहद्वारा प्रस्तुत सिफारिस एवं विश्लेषणबाट पनि सूचित छ ।

आजको मितिसम्म हामीले नेपालमा गरेको सबै प्रयत्न, नेपाली दलित अधिकार अधिवक्ता समीपमा रहेर तिनका विज्ञता र अनुभवबाट सूचित रहेका छौं । हामीले नेपालको कानूनी तथा प्राज्ञिक समुदायको सहयोग र अन्तर्राष्ट्रिय कानुत तथा संवैधानिक ज्ञाताका अनुभव पनि अनुसरण गरेका छौं ।

## ३. नयाँ संविधानमा मानव अधिकारको संरक्षण

नेपालको जातीय प्रथाले नेपाली समाजमा निश्चित स्थान ओगटेको छ । जातीय विभेद र "छुवाछुत" प्रथाले दलितका नियमित शोषण एवं अवहेलना भएको छ । सरकारी तथा नीजि दुवै क्षेत्रका पात्रहरुबाट दलितमाथि चरम शोषण, विभेद र हिंसा भएको छ । "उपल्लो जात" का समुदायका सदस्यले विशेषगरी दलितलाई विभेदपूर्ण अवस्थामा बाँच्न बाध्य तुल्याउँछन्; सार्वजनिक स्थानहरुमा प्रवेश निषेध गर्दछन्; खाद्य, पानी र जमीनको पहुँचमा बन्देज लगाउँछन्; र "उपल्लो" जातिका लागि "परम्परागत रुपमा असुद्ध" जातमा आधारित पेशा बलजफती अवलम्बन गर्न लगाउँछन् । यस्तो अवाञ्छित सामाजिक व्यवस्था नमान्ने प्रयत्न प्रतिकारात्मक हिंसा तथा सामाजिक बहिष्कारका पात्र हुन्छन् र राज्य तह प्रायस: यस्ता कार्य रोक्न वा दण्डित गर्न असमर्थ रहन्छ । यसको अतिरिक्त नेपालका दलित समुदायका महिला तथा केटीहरु जातीय एवं लैङ्गिक विभेद दुवैको परस्पर मार खेप्छन्, शोषण र हिंसा सहन गर्दछन् र नियमित तवरमा दैनिक आवश्यकता परिपूर्ति गर्नबाट वञ्चित तुल्याइन्छन् । दलित महिलाका साथसाथै – देशको दक्षिणी भूभागमा बसोबास गर्ने गाइने, वादी, मधेशी दलित – जस्ता दलित समुदायहरु थप वहिष्करण र सिमान्तीकरणका भागीदार हुन्छन् ।

संविधान लेखनले नेपाललाई जातीय भेदभाव सम्बोधन गर्ने र समानता एवं मानव अधिकार प्रतिको प्रतिवद्धता सम्मान गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ । देशको सबैभन्दा महत्वपूर्ण कानूनी दस्तावेजको रुपमा, कानूनी दायित्व पूरा गरेर दलित अधिकार सुनिश्चित गर्न संविधान नेपालको लागि महत्वपूर्ण सुरुवातको बाटो हुन सक्दछ । यो भागले नेपालको दलित अधिकार एवं मानव अधिकार सुनिश्चितताको आम दायित्वका सम्बन्धमा

अवधारणा पत्रका मूल प्रस्तावना छलफल गर्दछ । यसले प्रत्येक क्षेत्रको नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व संक्षेपमा प्रस्तुत गर्दछ र संविधानमा समेट्नु पर्ने संरक्षणका बुँदाहरु उजागर गर्दछ । अझ पूर्ण रुपमा अवधारण पत्रमा हरेक सान्दर्भिक प्रस्तावित भाषाको विश्लेषण यस पछिका तालिकामा पाइन्छ ।

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी महासन्धि नेपालले अनुमोदन सीएचआरजी प्रशंसा गर्दछ । प्रतिवेदनको विश्लेषणको लागि ख्यालमा नलिए पनि केन्द्रले नेपाललाई महासन्धिको दायित्व संविधानमा कार्यान्वयन गर्न आह्वान गर्दछ । बलजफती वेपत्ता पारिनुबाट सुरक्षित रहने सबै व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धीको वैकल्पिक प्रोटोकोललगायत अन्य मानव अधिकार सन्धि अनुमोदन गर्न सीएचआरजीजे नेपाललाई आह्वान गर्दछ ।

**क. नागरिकतामा पहुँच**

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीसीपीआर), महिला विरूद्ध हुने सबै किसिमको भेदभाव अन्त्य गर्ने महासन्धि (सीड), बाल अधिकार सम्बन्धी महासन्धि (सीआरसी), सबै किसिमका नश्लीय भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि (आइसीइआरडि) का प्रस्तावनाका अनुकूल नेपालले नागरिकताको पहुँच भेदभादमुक्त अवस्था सुनिश्चित गर्नुपर्दछ । यस दायित्वको सम्मानमा नयाँ संविधानमा देहाय बमोजिमको भाषा समावेश हुनु पर्दछ :

- नेपाली पुरुषको विदेशी पत्नीलाई जस्तै नेपाली महिलाको विदेशी पतिलाई समान रुपमा नागरिकता प्राप्त गर्न दिनु पर्दछ ।
- आमा वा बाबुमध्ये जो नेपाली भए पनि बालबालिकालाई नागरिकताका प्राप्त गर्न योग्य योग्य मान्नु पर्दछ ।

नागरिकता प्रमाणपत्रका लागि निर्मित सम्बन्धित कानूनले दलितलाई बहिष्करणको प्रभावमा पार्दैन भनेर नेपालले कानूनी सुनिश्चितता गर्नुपर्दछ । उदाहरणको लागि, धनीपूर्जाको प्रमाणको आवश्यकताले धेरै दलित नागरिकता प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित हुनु परेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले विभेदजन्य कानून प्रतिबन्ध गर्दछ ।

**ख. मौलिक हक**

**१. समानता र विभेदमुक्त अवस्थाको अधिकार**

समानता र विभेदमुक्त अवस्थाको अधिकार अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको आधारभूत सिद्धान्त हो । नेपालले औपचारिक एवं बस्तुगत समानता र प्रत्यक्ष एवं अप्रत्यक्ष विभेद दुवैको प्रतिवन्ध सुनिश्चित गर्नु पर्दछ । कुनै नीति वा व्यवस्थाले निश्चित समूहमाथि भेदभाव गर्ने उद्देश्य राखेमा प्रत्यक्ष भेदभाव हुन्छ; कुनै नीति वा व्यवस्था सतहमा निष्पक्ष देखिए पनि कुनै समूहमाथि असमान प्रभाव पारेमा अप्रत्यक्ष भेदभाव हुन्छ । नेपाल पक्षधर भएको मानव अधिकार सन्धि अनुकूल, नश्ल, रंग, वंश (जात सहित), जन्म, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, धर्म, राजनीतिक वा अन्य विचार, भाषा, सम्पत्ति, आर्थिक अवस्था, लिङ्ग, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, गर्भावस्था, मातृत्व, वैवाहिक स्थिति, उमेर, अपाङ्गता, स्वास्थ्य स्थिति, आवास वा अन्य अवस्था जस्ता कुनै पनि आधारमा नेपालले कुनै पनि नीतिद्वारा भेदभाव नगर्ने वा प्रभाव नपार्ने सुनिश्चित गर्नु पर्दछ ।

नश्लीय भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघीय समिति (सर्ड समिति) ले “वंश” को आधारमा गरिने भेदभावमा जातको आधारमा गरिने भेदभाव समेत प्रतिवन्धित रहेको स्पष्ट गरेको छ । सन्धिका अनुसार राज्यहरुले राज्यका अधिकारी र निकाय एवं नीजी क्षेत्रबाट हुने भेदभाव रोकथाम गर्न कदम चाल्नु पर्दछ र प्रतिबन्ध गर्नु पर्दछ ।

यी दायित्वका सन्दर्भमा नयाँ संविधानमा :

- अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार माथि उल्लेखित सबै आधारमा भेदभाव गर्न पाइदैन ।
- "वा अन्य अवस्था" जस्ता भाषा थपेर भेदभाव प्रतिबन्ध हुने आधारको सूची परिवर्तनीय बनाउनु पर्दछ ।
- सुनिश्चितता "सबै व्यक्ति" मा लागू हुन्छ भनेर गैरनागरिक सम्ममा भेदभाव विरुद्धको संरक्षण सुनिश्चित गर्नु पर्दछ ।

बस्तुगत समानता थप सुनिश्चित गर्न नयाँ संविधानले "विशेष व्यवस्था" को पहिचान र उपलब्ध गर्नु पर्दछ, जो मानव अधिकार कानून अन्तर्गत, निरन्तर, संरचनागत एवं ऐतिहासिक असमानताका कारण केही समूहले अनुभव गर्ने गरेको जन्मसिद्ध पछौटेपन सम्बोधन गर्न एवं मानव अधिकारको पूर्ण उपभोग सुनिश्चित गर्न दुबैमा प्रयोग हुनु सक्दछ । "विशेष व्यवस्था उपयुक्त निकास दिने अवस्था अनुकूल, प्रजातान्त्रिक समाजमा आवश्यक, न्याय एवं समानुपातिकका सिद्धान्तको सम्मान गर्ने, र अस्थायी हुनु पर्दछ ।" विशेष व्यवस्थाका प्रावधान वास्तविक तथा समायोजित तथ्याङ्कमा आधारित हुनुपर्दछ, जसमा सही जनगणाना समेटेको हुन्छ । अन्य जात प्रभावित मुलुक र नेपालको अनुभवले देखाएको जस्तै विशेष व्यवस्था अधिकार सुनिश्चितामा प्रभाव पार्न महत्वपूर्ण हुन्छ । त्यसैले महत्वपूर्ण माध्यमको रुपमा बस्तुगत समानता सुनिश्चित गर्ने नेपालको दायित्व अनुरुप संविधानमा विशेष व्यवस्था लागू गर्न संविधानसभालाई सीएचआरजीजे आह्वान गर्दछ । तिनका उत्पीडिनको र वञ्चितिकरण इतिहासका कारण दलितका लागि विशेष व्यवस्था विशेषतः महत्वपूर्ण रहन्छ । विशेष व्यवस्थाले पिछडिएका समूहका महिलाले बहन गरे जस्तो विभिन्न प्रकारको भेदभाव सम्बोधन गर्नु पर्दछ ।

यी दायित्वका सन्दर्भमा नयाँ संविधानले :

- विभिन्न प्रकारको भेदभावलाई मध्यनजर गरेर पिछडिएका समूहका सदस्यले बस्तुगत समानता र मानव अधिकारको पूर्ण उपभोग गर्न पाउन् भनेर विशेष व्यवस्था प्रदान गर्नु पर्दछ ।

नेपाली समाजमा जातीय भेदभावको उपस्थिति र गहिरो पकडका कारण, जातीय भेदभाव र "छुवाछुत" को प्रतिबन्धको लागि निश्चित रुपमा दलित अधिकार सम्बोधन गर्न संवैधानिक प्रावधान महत्वपूर्ण रहन्छ । आइसीइआरडी अनुकूल, नेपालले जातीय विभेद भर्त्सना गर्दै प्रत्यक्ष, अप्रत्यक्ष सबै भेदभाव अन्त्य गर्न सबै उपयुक्त अवलम्बन गर्नु पर्दछ; दलित तथा अन्य सीमान्तकृत समूहको बस्तुगत समानता सुनिश्चित गर्न; जातीय विभेद रोकथाम, प्रतिबन्ध र उन्मुलन गर्न; जातीय विभेद बढावा दिने दुष्प्रचार उन्मुलन गर्न; नागरिक, राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार उपभोगमा जातीय भेदभाव अन्त्य गर्न, जातीय भेदभाव विरुद्ध प्रभावकारी संरक्षण एवं निकास सुनिश्चित गर्न; र जातीय पूर्वाग्रहका हकमा उपयुक्त शैक्षिक उपायहरु बस्तुगत समानताका लागि "विशेष व्यवस्था" अवलम्बन गर्नु पर्दछ ।

यी दायित्वका हकमा, नयाँ संविधानले :

- "छुवाछुत" र जातीय भेदभाव निश्चित रुपमा प्रतिवन्ध लगाउनु पर्दछ ।
- यो प्रतिबन्धको उल्लंघन कानूनद्वारा दण्डनीय हुन्छ र पिडित पक्ष उचित क्षतिपूर्तिका हकदार हुन्छन् भनेर स्पष्ट गर्नु पर्दछ ।
- मठमन्दिरलगायत सार्वजनिक स्थान र सेवामा समान पहुँच सुनिश्चित एवं जातीय विभेद प्रतिबन्धित गर्नु पर्दछ ।
- जातमा आधारित पेशामा निश्चित प्रतिबन्ध समावेश गर्नु पर्दछ ।
- उच र नीच जातको विचार प्रवाह विरुद्ध व्यवस्था लागू गर्नु पर्दछ ।

यसको अतिरिक्त संविधानमा संरक्षित सबै अधिकार भेदभावमुक्त तवरमा सुनिश्चित एवं लागू हुन्छ भनेर नेपालले सुनिश्चित गर्नु पर्दछ ।

## २. नागरिक तथा राजनीतिक अधिकार

नेपाल पक्षधर रहेको मानव अधिकार सन्धिले दलितमाथि हुने नागरिक तथा राजनीतिक अधिकार उल्लंघन स्पष्ट प्रतिबन्ध गरेको छ । यसको प्रावधान अनुसार, आइसीसीपीआरले "भूभाग र क्षेत्राधिकारभित्र सबै व्यक्तिको"

अभिसन्धिले संरक्षण गरेको अधिकार सम्मान र सुनिश्चित गर्न राज्य पक्षको आवश्यकता ठहर्छ । त्यसैले "अभिसन्धिको आम नियम भनेको नागरिक र विदेशीबीच बिना भेदभाव प्रत्येक अधिकार सुनिश्चित गर्नु पर्दछ ।"

आइसीसीपीआरले प्रतिबन्ध गर्दछ : बाँच्न पाउने अधिकारको स्वेच्छाचारी अवरोध; नृशंस, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय (सीआइडि); दासत्व, सेवा र बाध्यात्मक वा अनिवार्य श्रम; गोपनीयता, परिवार वा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप; र मर्यादा र छविमा अवैधानिक आक्रमण । आइसीसीपीआर अन्तर्गत, विभिन्न बन्दी अवस्थामा रहेका सबै व्यक्तिका अधिकार सुनिश्चित गर्न नेपाल अनुग्रहित रहन्छ । त्यसको अतिरिक्त, आइसीसीपीआरले नेपाललाई सुनिच्शित गर्न निम्न म्याण्डेट दिन्छ : विचार र अभिव्यक्तिको स्वतन्त्रता; सभा सम्मेलनको स्वतन्त्रता; विवाह गर्न उपयुक्त उमेर भएका पुरुष तथा महिलाले स्वतन्त्रतापूर्वक विवाह गर्ने अधिकार; प्रत्यक्ष वा स्वतन्त्रतापूवृक निर्वाचित प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने अधिकार; मतदान गर्ने अधिकार; सँस्कृति उपभोग गर्ने तथा स्वतन्त्रतापूर्वक धर्म मान्ने; र नेपालमा आवजावत र आवासको अधिकार ।

यी दायित्वका सन्दर्भमा, नयाँ संविधानले आइसीसीपीआरमा सूचीकृत *सबै* अधिकार र स्वतन्त्रता सम्मान गर्नु पर्दछ । समस्याको रुपमा, सीएचआरजीजेले पूनरावलोकन गरेको विषयगत समितिको प्रस्तावमा नागरिक तथा राजनीतिक अधिकार एवं स्वतन्त्रता सम्पूर्ण छुटेको छ । संविधानसभाले नयाँ संविधानमा निम्न अधिकार समावेश गर्ने सुनिश्चित गर्नु पर्दछ ।

- विवेकको स्वतन्त्रताको अधिकार ।
- संगठित हुने स्वतन्त्रताको अधिकार ।
- सार्वजनिक जीवनमा सहभागी हुन पाउने नागरिक अधिकार ।
- प्रभावकारी निकासको अधिकार ।

यसको अतिरिक्त नयाँ संविधानले :

- नागरिक मात्र नभएर "सबै व्यक्ति" को अधिकार नागरिक तथा राजनीतिक अधिकार तथा स्वतन्त्रता सुनिश्चित गर्नु पर्दछ ।
- आइसीसीपीआर अन्तरगत लागू भएका नागरिक तथा राजनीतिक अधिकारमा प्रतिबन्ध सीमित गर्नु पर्दछ ।
- निम्न अधिकार संरक्षण गर्ने : धार्मिक स्वतन्त्रता; अभिव्यक्तिका स्वतन्त्रता; र र मर्यादा र छविमा अवैधानिक आक्रमण समेत गोपनीयता, परिवार वा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप गर्दछ ।
- स्वेच्छाचारी पक्राउ तथा नियन्त्रण प्रतिबन्ध गर्ने र स्वतन्त्रता वञ्चित भएका सबैको समयमै थुनाको आधार जानकारी पाउने, कानूनी सहायताका साथ सक्षम, निष्पक्ष तथा स्वतन्त्र अदालतमा थुनाको चुनौति गर्ने र गलत थुनाको हकमा रिहाई र क्षतिपूर्ति ।
- नजरबन्दको व्यवस्था अस्वीकार गर्दछ ।
- निवारक नजबन्द प्रतिबन्ध गर्दछ ।
- अपराधको अभियोग लागेको सबैलाई आइसीसीपीआरमा उल्लेख अधिकार प्रदान गर्नु पर्दछ ।
- यातना र सीआइडि व्यवहार वा सजायको परिभाषा परम्परागत हिरासत थुनाभन्दा भिन्न हुन्छ भनेर स्पष्ट गर्दछ ।
- मिलीभगत वा यातना वा सीआइडि व्यवहारमा वा सजायमा सहभागितालगायत यातना र सीआइडि व्यवहार वा सजायको सबै कार्य तिनको गम्भीरता विचार गरेर, नीजी पात्रबाट दलित महिला विरुद्ध लैङ्गिक भेदभावलगायत नेपालको दलित जनसंख्या विरुद्धको व्यापक यातना वा सीआइडि व्यवहार वा सजाय अन्त्य गर्न, उचित जरीवाना सहित दण्डनीय हुने व्यवस्था प्रदान गर्दछ ।
- उमेर भएका पुरुष तथा महिलाले स्वतन्त्रतापूर्वक अन्तरजातीय विवाहलगायत विवाह गर्ने अधिकार ।

## ३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

जातीय भेदभाव र "छुवाछुत" प्रथालाई दलितको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लंघन गर्न प्रयोग गरिएको छ जसकारण दलित समुदाय चरम गरिबी र अभावको मारमा छन् । आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीइएससीआर) मा समावेश अधिकार प्रगतिशिल रुपमा पालना गर्नु नेपालको दायित्व हो । आइसीइससीआरले "प्रगतिशील कार्यान्वयन' को मार्ग प्रसस्त गर्दछ भने नेपालको : भेदभावमुक्त अवस्थामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चित गर्ने; र यी अधिकार सार्थक तुल्याउनेतर्फ आवश्यक कदम चाल्ने नेपालको तत्काल दायित्व हो ।

आइसीइएससीआर अन्तरगत नेपालको दायित्वको हकमा नयाँ संविधानले :

- पर्याप्त खाद्यान्य, कपडा, आवास र जीवनशैलीको निरन्तर सुधारलगायत सबैको पर्याप्त जीवनस्तरप्रतिको अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- सुरक्षित तथा पेययुक्त पानी एवं पर्याप्त स्वास्थ्य सेवा जस्ता अन्तरनिहित स्वास्थ्य प्रभावमा पहुँचलगायत उच्चतम प्राप्य भौतिक तथा मानसिक स्वास्थ्य मापदण्ड उपभोग गर्ने सबैको अधिकार सुनिश्चित गर्ने ।
- सबैको लागि निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने र प्रगतिशील निःशुल्क माध्यमिक तथा उच्चस्तरीय शिक्षाको परिचय दिने ।
- साँस्कृतिक जीवनमा सहभागी हुने सबै व्यक्तिको अधिकार संरक्षण गर्ने ।
- कला, साहित्य एवं वैज्ञानिक सिर्जनाबाट प्रेरित सबै व्यक्तिको नैतिक तथा भौतिक स्वार्थ संरक्षण प्रतिको अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- दासत्व तथा अन्य प्रकारका बाध्यात्मक वा अनिवार्य श्रम प्रतिबन्ध गर्नु पर्दछ ।
- काम गर्ने, स्वतन्त्रपूर्वक रोजगारी चुन्ने वा स्वीकार गर्ने, न्यायोचित तथा उपयुक्त काम गर्ने वातावरण एवं ट्रेड युनियनमा सहभागी हुने सबै व्यक्तिको अधिकार सुनिश्चित गर्ने ।
- सबैको सामाजिक बीमालगायत पर्याप्त सामाजिक सुरक्षा प्रतिको अधिकार सनिश्चित गर्ने ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका हकमा नेपालले भेदभावमुक्त एवं बस्तुगत समानता सुनिश्चित गर्नु पर्दछ र दुबैको सुनिश्चितताका लागि विशेष व्यवस्था अवलम्बन गर्न सक्दछ । उदाहरणको लागि, नेपालले शैक्षिक सामाग्रीबाट दलित सान्दर्भिक भेदभावपूर्ण वस्तु हटाउनु पर्दछ र महिला, दलित एवं परम्परागत रुपमा पिछडिएका अन्य समूहको उच्चस्तरीय शिक्षामा पहुँचका लागि विशेष व्यवस्था अवलम्बन गर्नु पर्दछ । रोजगारको पहुँचबाट दलित तथा सुनियोजित रुपमा पिछडिएका अन्य समूहका लागि नेपालले रोजगार तालिम कार्यक्रम कार्यान्वयन अवलम्बन गर्नु पर्दछ ।

## ४. महिला अधिकार

नेपालमा दलित महिला तथा बालिकाले जात र लैङ्गिक दुबै प्रकारको भेदभाव बहन गर्दछन्, जसको प्रतिफल, अधिकार संरक्षणबाट थप वञ्चित हुन्छन् । महिला विरुद्ध भेदभाव अन्त्य गर्न र महिलाको बस्तुगत समानता सुनिश्चित गर्न नेपाल सबै उपयुक्त व्यवस्था अंगीकार गर्न दायित्वमा बाँधिएको छ । यी दायित्व महिलाको राजनीतिमा सहभागिता, शिक्षामा पहुँच, रोजगारीमा समानता, र स्वास्थ्य सेवा तथा अन्य आर्थिक एवं सामाजिक लाभसम्म लागू हुन्छ । महिला मौलिक अधिकार पूर्ण उपभोग सँस्कृति एवं परम्पराका आधारमा सीमित गर्न नसकिने र नेपालका ग्रामीण महिलाले बहन गरेको विशिष्ट चुनौति तथा भेदभावका सम्बन्धमा विशेष ध्यान केन्द्रीत गर्नु पर्ने सीडले निश्चित गर्दछ ।

यी दायित्वका हकमा, नयाँ संविधानमा प्रस्तावित "महिला अधिकार" प्रावधानले :

- एक लिङ्ग अर्कोभन्दा उच वा निच हुन्छ भन्ने सोँच अनुकूल लिङ्गको आधारमा हुने पूर्वाग्रह, प्रथा र छवि उन्मुलन गर्न, पुरुष तथा महिलाको सामाजिक एवं साँस्कृतिक आचरण परिवर्तन गर्न सबै उपयुक्त व्यवस्था उपलब्ध गर्दछ ।

- पैतृक अधिकार एवं दायित्व, परिवार नियोजन, बालबालिका सँगको सम्बन्ध, घरजग्गा तथा आर्थिक सम्पत्ति, विवाह गर्ने, विवाहको अन्त्य गर्ने पुरुष तथा महिलाको समान अधिकारलगायत पारिवारीक सम्बन्धका निश्चित अधिकार समावेश गर्नु पर्दछ ।
- विभिन्न प्रकारका भेदभाव बहन गरेका सीमान्तकृत समूहका महिलामाथि विशेष ध्यान केन्द्रीत गरेर महिला मानव अधिकारको पूर्ण उपभोग तथा बस्तुगत समानता प्राप्तिको सहयोगमा विशेष व्यवस्था व्यवस्था प्रदान गर्दछ ।
- लिङ्गको आधारमा भेदभाव प्रतिबन्ध गर्ने र समानता सुनिश्चित गर्दछ ।

### ५. बालबालिका सम्बन्धी हक

नेपालमा दलित बालबालिकाहरु अनुपयुक्त काम गर्ने अवस्थाको जोखिममा हुन्छन्, सशस्त्र द्वन्द्वमा भर्ती हुन्छन् र शिक्षा एवं स्वास्थ्य जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको पहुँचबाट विमुख हुन्छन् । सीआरसी अनुकूल, बालबालिकाको हित, भौतिक वा मानसिक वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि कामबाट बालबालिका संरक्षित हुन्छन् र बाल अधिकार सम्बन्धी सबै कार्यमा प्राथमिक चासो भनेकै बालबालिकाको हित हो भनेर नयाँ संविधानले स्पष्ट गर्नु पर्दछ । नेपालले प्रत्येक बालबालिकाको राष्ट्रियताप्रतिको अधिकार संरक्षित गर्नु पर्दछ । सशस्त्र द्वन्द्वमा बालबालिकाको सहभागिता सम्बन्धमा सीआरसीको वैकल्पिक प्रोटोकल अनुकूल, बालबालिका सशस्त्र द्वन्द्वमा सहभागी हुनबाट रोक्न र द्वन्द्वको मारमा परेका बालबालिकाको भौतिक तथा मनोवैज्ञानिक पूनर्ताजगी र सामाजिक पूनर्स्थापना प्रवर्द्धन गर्न नेपालले संभाव्य व्यवस्था अनुसरण गर्न आवश्यक पर्दछ । सबै अधिकारमा जस्तै, बालबालिकाको अधिकार उपभोग भेदभावले सीमित गर्दैन भनेर नेपालले सुनिश्चित गर्नु पर्दछ ।

यी अधिकारका सन्दर्भमा नयाँ संविधानको प्रस्तावित “बाल अधिकार सम्बन्धी हक” को प्रावधानले :

- बालकालिकाको हित, भौतिक वा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि काम सेवा प्रदान गर्नबाट बालबालिकाको संरक्षण गर्नु पर्दछ ।
- बाल अधिकार सम्बन्धी सबै कार्यमा प्राथमिक चासो नै बालबालिकाको उच्चतम हित हो भनेर निश्चित गर्नु पर्दछ ।
- बालबालिलाई प्रभाव पार्ने सबै सवालमा, विशेष गरेर परिवार, विद्यालय र तिनका समुदायका सबै तहमा बालबालिकाले आफ्नो कुरा राख्न पाउने निश्चित गर्नु पर्दछ ।

दलित बालबालिका अधिकार उल्लंघनको विशेष जोखिममा हुन्छन् भन्ने तथ्य पहिचान र सम्बोधन गर्न नेपालले अतिरिक्त व्यवस्था अनुसरण गर्नु पर्दछ ।

### ग. कार्यान्वयन तथा बाध्यात्मक सवालहरु

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले मानव अधिकार उल्लंघनका हकमा प्रभावकारी उपचार सुनिश्चित गरेको छ । यस्तो सुनिश्चितता नेपालका दलित र जातबाट प्रभावित अन्य मुलुकको सन्दर्भमा महत्वपूर्ण हुन्छ जहाँ सबल कार्यान्वयन संयत्रको अभावमा कागजी प्रतिवद्धता अपर्याप्त रहन्छ भन्ने देखिन्छ । प्रभावकारी उपचारको हकको अभावमा संविधानमा उल्लेखित अन्य अधिकार निरर्थक हुन्छ । प्रभावकारी उपचारको हक सम्बन्धी केवल एक मात्र प्रस्तावनाले – मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रस्तावित प्रावधान – अधिकार उल्लंघनको हकमा सबै व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गर्न सक्दैन ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, नयाँ संविधानको “मौलिक अधिकार कार्यान्वयन सम्बन्धी हक” को प्रावधानले :

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलगायत सबै मौलिक अधिकार पूर्ण रुपमा अदालती कारवाही हुन सक्ने स्पष्ट गर्दछ ।
- सरकारलाई संविधानमा सुनिश्चित हक कार्यान्वयन गर्न दिलासुस्ती गर्न दिने भाषा प्रयोग गर्नबाट वञ्चित गर्नु पर्दछ ।
- आफ्नो अधिकार कार्यान्वयन गर्न सबै व्यक्तिलाई स्वतन्त्र र सक्षम अदालतमा अपिल गर्ने स्पष्ट अधिकार प्रदान गरेर उपचारको हक प्रदान गर्नु पर्दछ ।
- आफ्नो क्षेत्राधिकार भित्र भएको उल्लंघनको हकमा उपचार प्रदान गर्न सबै तहको अदालत सक्षम, स्वतन्त्र तथा निष्पक्ष एवं सबल छ भनेर सुनिश्चित गर्दछ ।

## घ. संकटकालिन अधिकार

विगतका संकटकाल घोषणाले नेपालमा मानव अधिकार उल्लंघन नाटकीय रुपमा अभिवृद्धि गरेको छ, विशेष गरेर दलित एवं सीमान्तकृत समुदायको विरुद्धमा । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले राज्यले संकटकाल घोषणा गर्न सक्ने अवस्था निश्चित रुपमा सीमित गरिदिएको र यस अवस्थामा पनि विभिन्न हक संरक्षित हुनु पर्ने तोकि दिएको छ । राष्ट्रिय हितको संरक्षण समितिले प्रस्ताव गरेको “संकटकालिन अधिकार” प्रावधानले आइसीसीपीआरका सबै आवश्यकता अनुपालन गर्दैन ।

- सरकारले संकटकाल घोषणा गर्न सक्ने अवस्था निश्चित रुपमा परिभाषा गरेको छ, ता कि यो राष्ट्रिय जीवन जोखिममा परेको अति नै कठिन अवस्थाको प्रतिक्रियामा मात्र घोषणा गरियोस् ।
- कुनै पनि निलम्बन व्यवस्था परिस्थितिको निश्चित माग अनुरुप मात्र सीमित राखिनु पर्दछ भनेर इंगित गरीनु पर्दछ ।
- संकटकालिन अवस्थामा अवलम्बन गरिएका कुनै पनि व्यवस्थामा कुनै पनि आधारको भेदभाव हुनु हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ ।
- न्यूनतम रुपमा, आइसीसीपीआर धारा ४(२) संकटकाललगायत हरबखत संरक्षित हुन्छन् भनेर सुनिश्चित गर्नु पर्दछ : बाँच्न पाउने अधिकार; यातना एवं सीआइडि व्यवहार वा सजायमुक्त रहने अधिकार; दासत्व र बाध्यात्मक सेवामुक्त रहने अधिकार; संम्झौतागत दायित्व पूर्ति गर्ने सक्षम नहुँदा थुनामुक्त रहने अधिकार; पक्षगामी कानून र जरिमानाको भागीदार नबाइने अधिकार; कानून समक्षको व्यक्ति भनेर जहाँ पनि परिचित हुने अधिकार; र सोँच, विवेक र धर्मको स्वतन्त्रता ।

## ङ. राज्य संरचनामा दलित अधिकारको कार्यान्वयन

जातीय प्रथाले दलितलाई सुनियोजित रुपमा दलितलाई नेपालमा राजनीतिक प्रक्रियाबाट बहिष्कृत गरेको छ र पूर्ण रुपमा आफ्नो देशको सरकारमा सहभागी हुने तिनको अधिकार अवमूल्यन गरेको छ । माथि उल्लेख भए अनुरुप, विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धीका पक्षधर राष्ट्रको रुपमा, महिला एवं दलित जस्ता सीमान्तकृत समुदायका सदस्यलाई भेदभावमुक्त अवस्था र बस्तुगत समानता प्रदान गर्न नेपाल दायित्वले बाँधिएको छ । यस्तो बस्तुगत समानता प्राप्त गर्न, महिला तथा सीमान्तकृत समूहका सदस्यको शासन पद्धतिमा अर्थपूर्ण सहभागिता दिलाउन – व्यवस्थापिका, न्यायपालिका तथा राष्ट्रिय आयोग लगायतका – राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व जस्ता “विशेष व्यवस्था” राष्ट्रहरुले अनुसरण गर्न सक्दछ ।

दलित महिला जस्ता सीमान्तकृत समूहका महिलाले सामना गरेको विभिन्न स्वरुपका भेदभाव यस्ता यस्ता प्रस्तावले ध्यानमा लिनु पर्दछ र तिनका समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ । त्यस्ता प्रस्ताव, सन् २०११ को जनगणना सहित निश्चित तथा समायोजित तथ्याङ्कका आधारमा, नेपालमा दलितको सही संख्या स्थापित गर्न,

सञ्चालन गरिनु पर्दछ । यो विशेषतः महत्वपूर्ण रहन्छ जहाँ केही अनौपचारिक अनुमानले दलित जनसंख्या २० देखि २५ प्रतिशत भएको देखाउँछ भने औपचारिक अनुमानले १५ प्रतिशत । नेपालले निर्वाचन र राजनीतिक दलमा सहभागी हुन भेदभावमुक्त अवस्थाको अधिकार सुनिश्चित गर्नु पर्दछ ।

मानव अधिकार सम्मान, संरक्षण र पूर्ति गर्ने दायित्व अनुकूल, अधिकार उल्लंघनका आरोप अनुसन्धान गर्न र नेपालको मानव अधिकार दायित्व अनुपालन अनुगमन गर्न, नेपालले राष्ट्रिय मानव अधिकार संस्थाहरु स्थापना गर्न सक्दछ । मानव अधिकार आयोगको अतिरिक्त, जातीय भेदभावको व्यवस्थित प्रभाव सम्बोधन गर्न संविधानले राष्ट्रिय दलित आयोग स्थापना गर्नु पर्दछ । यी निकायहरु प्रभावकारी हुनका लागि नयाँ संविधानले :

- बृहत अनुसन्धानात्मक एवं कार्यान्वयन अधिकार सहित मानव अधिकार आयोग तथा राष्ट्रिय दलित आयोग संवैधानिक निकायका रुपमा, आर्थिक स्वायत्तता प्रदान गरेर स्थापना गर्नु पर्दछ ।

नेपालको संघीय संरचना र सीमान्तकृत समूहका अधिकार संरक्षण गर्नका लागि व्यक्तिगत राज्यको सिर्जनामा धेरै ध्यान केन्द्रीत भएको छ । अन्ततः राज्य संरचनाको कुन स्वरुप अवलम्बन गरिन्छ भन्ने अवस्थाको अतिरिक्त, मानव अधिकार सम्मान, संरक्षण एवं पूर्ति गर्ने नेपालको दायित्व सबै तहको सरकार – राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय – मा लागू हुन्छ । नेपालले यस मानव अधिकार आधारभूत सिद्धान्त अनुपालन गर्न महत्वपूर्ण हुन्छ । निश्चित रुपमा यो सिद्धान्त नेपालको दलित जनसंख्यासँग सान्दर्भिक छ जो निश्चित भौगोलिक क्षेत्र वा जातीय वा भाषिक समूहसँग सीमित छैन ।

## च. संवैधानिक परिभाषाका लागि सामान्य सिफारिस

माथि र यसपछि संलग्न तालिकामा पहिचान भएको निश्चित मौलिक अधिकारसम्वद्ध हाम्रा सुझावका अतिरिक्त, त्यसमा अन्तरनिहीत अधिकारको पूर्ण संरक्षण सुनिश्चित गर्न सीएचआरजीजे संविधानसभालाई यस भागमा सम्मिलित सुझावद्वारा संविधानको परिभाषा निर्देशित गर्न आह्वान गर्दछ । संविधानको परिभाषा गर्दा अदालतले अन्तर्राष्ट्रिय मानव अधिकार कानून ख्यालमा राख्नु पर्ने प्रावधान संविधानसभाले इंगित गर्नु पर्दछ । त्यस्ता प्रावधान दक्षिण अफ्रिका गणतन्त्रको संविधानको धारा ३९ को आधारमा शायद विकसित गर्न सकिन्छ ।

### १. अन्य अधिकारसँग हस्तक्षेप विहीनताको अवस्था

कुनै निश्चित अधिकारको पालना अन्य कसैको अधिकार उल्लंघनमा आधारित हुनु हुँदैन भन्ने सुनिश्चित गर्न, संविधानको कुनै पनि प्रावधान कुनै व्यक्ति वा समूहले अन्यको अधिकार उल्लंघन वा समाप्त गर्न परिभाषित गर्न पाउने छैन भनेर एउटा प्रावधान समावेश गरिनु पर्दछ । यो प्रावधान आइसीसीपीआर र आइसीइसीआरको धारा ५ मा आधारित रहनु पर्दछ । संविधानको कुनै पनि अंश “छुवाछुत” र जातीय भेदभाव निरन्तर गर्न उपयोग गरिने छैन भनेर संविधानसभाले स्पष्ट गर्न निश्चित रुपमा महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, धार्मिक स्वतन्त्रताको हकले निर्वाध रुपमा धर्म मान्ने दलितको अधिकार वा “छुवाछुत” र जातीय भेदभावका अन्य स्वरुप स्थापित गर्न उपयोग गरिने सकिदैन ।

### २. “सबै व्यक्ति” को अधिकार

विभिन्न विषयगत समितिको अधिकारसम्वद्ध प्रस्तावना समस्यागत रुपमा नागरिकसम्म सीमित छ । आइसीसीपीआर अन्तरगत नेपालले विना कुनै भेद “आफ्नो भूभाग र क्षेत्राधिकारभित्र सबै व्यक्तिलाई” नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गरि दिनु पर्दछ । सामाजिक तथा साँस्कृतिक अधिरकारको हकमा समेत नेपाललाई नागरिक तथा गैरनागरिकबीच भेद गर्न अनुमति छैन । आइसीइएससीआरले विकसित देशलाई गैरनागरिकको आर्थिक अधिकार निश्चित गर्न केही छुट दिए ता पनि मानव अधिकार सबैमा लागू हुन्छ भन्ने बृहत सिद्धान्तको हकको निश्चित अपवादको रुपमा यो प्रावधान ग्रहण गरिनु पर्दछ र सबै व्यक्तिको संभव भएसम्म बृहत आर्थिक अधिकार

उपभोग सुनिश्चित गर्न प्रयासरत रहनु पर्दछ । सबै मानव अधिकार सुनिश्चित गर्नु विशेष गरेर दलितको लागि महत्वपूर्ण रहन्छ, किनभने माथि उल्लेखित भए जस्तै उनीहरुसँग प्राय नागरिकता प्रमाणपत्र हुँदैन । साधारण सवालको हकमा, त्यसैले, संवैधानिक अधिकारले नागरिक मात्र नभएर "सबै व्यक्ति" समेटेन् गरी परिभाषित गरिुन पर्दछ ।

### ३. कानूनी कमजोरी र शर्त

आधारभूत सिद्धान्तको रुपमा, अन्तर्राष्ट्रिय मानव अधिकार र संविधानमा यी अधिकारका प्रतिकले, यसको विपरीत तवरले नभएर, कानूनलाई सूचित गर्नु पर्दछ । अर्को शब्दमा आधारभूत अधिकार तथा संविधानमा उल्लेखित संरक्षण अवमूल्यन गर्न कानूनको प्रयोग हुन सक्दैन । धेरैजसो विषयगत समितिका प्रस्तावहरु "कानूनमा तोकिए बमोजिम" भन्ने भाषा अनुकूल छ । यस किसिमका भाषा, अधिकार कानून अनुकूल छ वा योग्य ठहर्न सकिन्छ भन्ने ठहर गरेर संवैधानिक अधिकार अवमूल्यन गर्न व्याख्या गरिन सकिन्छ । त्यसैले यस्ता विशेषणात्मक भाषा प्रयोग गरिनु हुँदैन र कुनै पनि अवस्थामा अन्तरनिहित अधिकार अवमूल्यन गर्न परिभाषित गर्न हुँदैन ।

### ५. निष्कर्ष

सदियौं देखिको जातीय भेदभावको अन्त्य र नीजी तथा सार्वजनिक तहमा दलित अधिकारको सुनिश्चितता नेपालको बहुप्रतिक्षित सामाजिक, राजनीतिक तथा आर्थिक रुपान्तरणको केन्द्रविन्दू हुन जरुरी छ । रुपान्तरणको लागि व्यवस्थापकीय, प्रशासनिक, बजेट, न्यायिक तथा शैक्षिक साधनहरु विकास एवं लागू गर्न नयाँ संविधान आधार रहनेछ । संविधान लेखन कार्यले संविधानसभालाई मानव अधिकारप्रति नेपालको प्रतिवद्धता प्रदर्शन गर्न एवं सबै व्यक्तिको जन्मसिद्ध सम्मान निश्चय गर्न गहन अवसर प्रदान गरेको छ । प्राय विषयगत समितिको नयाँ संविधानको लागि प्रस्तावना यी लक्ष्य प्राप्तितर्फ महत्वपूर्ण पहलकदमी हो । तथापि यस लिखत र सम्मिलित तालिकामा निरन्तर टीप्पणी गरिए जस्तै नेपालले आफ्नो मानव अधिकार दायित्व पूरा गर्न प्रस्तावना पूनरावलोकन हुन आवश्यक छ । त्यसको अतिरिक्त प्रस्तावनामा हालै प्रतिविम्वित नभएका अधिकार समावेश र सुनिश्चित हुनु पर्दछ । नयाँ संविधान सम्बन्धी छलफल र लेखन कार्यको सन्दर्भमा यी सुझावहरु ध्यानमा लिन सीएचआरजीजे संविधानसभा सदस्यहरुलाई गहन रुपमा अपिल गर्दछ ।